**अमरगढी नगरपालिकाको प्रसुतिकालीन शिक्षण सहायता अनुदान व्यवस्थापन कार्यविधि २०७९**

**नगर कार्यपालिकाबाट पारित मितिः २०७९।०९।२०**

**प्रस्तावनाः**

सामुदायिक विद्यालयमा कार्यरत महिला शिक्षक प्रसुति हुँदा कानूनबमोजिम प्राप्त गर्ने प्रसुति विदा अवधिमा शिक्षकको रिक्तता पूर्ति गरी विद्यालयको शिक्षण सिकाइ क्रियाकलापलाई निरन्तरता प्रदान गर्न आवश्यक देखिएकाले प्रशासकीय (कार्यविधि नियमित गर्ने) ऐन २०७५ को दफा ४ को अधीनमा रही नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम " अमरगढी नगरपालिकाको प्रसुतिकालीन शिक्षण सहायता अनुदान व्यवस्थापन कार्यविधि २०७९" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. विस्तार र  परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

क."कार्यपालिका" भन्नाले अमरगढी नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

ख."कार्यालय" भन्नाले अमरगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

ग. "नगरपालिका" भन्नाले अमरगढी नगरपालिका सम्झनुपर्छ।

घ. "प्रसुति विदा" भन्नाले प्रचलित नेपाल कानूनमा उल्लेख भएबमोजिम महिला शिक्षकले सुत्केरी हुँदाका बखत प्राप्त गर्ने विदा सम्झनुपर्दछ।

ङ. "विद्यालय" भन्नाले अमरगढी नगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालय सम्झनुपर्छ।

च. "शिक्षक" भन्नाले सामुदायिक विद्यालयमा स्वीकृत दरवन्दीमा नियुक्त वा नगरपालिकामार्फत प्राप्त हुने सरकारी अनुदान प्राप्त गर्ने गरी नियुक्ति वा सम्झौता भई कार्यरत स्थायी, करार, राहत वा शिक्षण सहयोग अनुदान कोटाको शिक्षक सम्झनुपर्दछ। र सो शब्दले प्रारम्भिक बाल शिक्षा कक्षाका सहजकर्ता समेतलाई बुझाउँछ। तर, यस अन्तर्गत वडामार्फत वा अन्य संस्थामार्फत पटके अनुदान प्राप्त गरी अथवा विद्यालयले आफ्नै स्रोतबाट व्यहोर्ने गरी नियुक्त गरेको शिक्षक पर्ने छैनन्।

छ."शाखा" भन्नाले कार्यालयको शिक्षा हेर्ने शाखा सम्झनुपर्छ।

ज. वि.व्य.स. भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनुपर्दछ।

झ. प्र.अ. भन्नाले विद्यालयको प्रधानाध्यापक सम्झनुपर्दछ।

## परिच्छेद-२

## अनुदान रकम तथा विद्यालयलाई अनुदान उपलब्ध गराउने प्रक्रिया

३. अनुदान रकमः

सरकारी अनुदानमा कार्यरत कुनै शिक्षक प्रसुति विदामा बसेमा स्वीकृत बजेटको परिधिभित्र रही कार्यालयले विद्यालयलाई देहाय बमोजिम अनुदान रकम उपलब्ध गराउनेछः

(१) प्रारम्भिक बाल शिक्षा तथा विकास कक्षाको शिक्षक भएः मासिक १५ हजारका दरले बढीमा ३ महिनाको ४५ हजार रुपैयाँ।

(२) आधाभूत तह (कक्षा १-८) को शिक्षक भएः मासिक २० हजारका दरले बढीमा ३ महिनाको ६० हजार रुपैयाँ।

(३) माध्यमिक तह (कक्षा ९-१२) को शिक्षक भएः मासिक २५ हजारका दरले बढीमा ३ महिनाको ७५ हजार रुपैयाँ।

तर, देहायको अवस्थामा विद्यालयलाई अनुदान उपलब्ध गराइने छैनः

क) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन नभएको वा समितिका पदाधिकारीहरूको पदावधि समाप्त भएको

ख) विगत दुई वर्षभन्दा बढी समयदेखि नियमानुसार गर्नुपर्ने सामाजिक परीक्षण र लेखा परीक्षण नगरेको

ग) IEMIS तथ्याङ्क अद्यावधिक नगरेको

४. अनुदान उपलब्ध गराउने प्रक्रियाः-

(१) कुनै महिला शिक्षक प्रसुति विदामा बसेमा विद्यालयले विव्यसबाट अनुदान मागको निर्णय गरी देहायका कागजातसहित शाखामा पठाउनुपर्नेछ।

- प्रसुति विदा स्वीकृत भएको अभिलेखको प्रमाणित प्रति
- अनुदान मागको विव्यस निर्णयको प्रतिलिपि
- विव्यस र शि.अ.सं. को पदावधि नसकिएको व्यहोरा खुलाइएको पत्र
- अघिल्लो आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि
- IEMIS अद्यावधिक गरेको प्रमाण

(२) विद्यालयबाट रीतपूर्वक प्राप्त भएको मागको आधारमा कार्यालयले विद्यालयलाई करारमा सेवा लिन अनुमति दिनुपर्नेछ।

(३) कार्यालयबाट अनुमति प्राप्त भएपश्चात विद्यालयले दफा ५ बमोजिमको प्रक्रिया पूरा गरी योग्यता पुगेका व्यक्तिसँग अनुसूची २ बमोजिमको ढाँचामा करार सम्झौता गरी सेवा लिने र सोको जानकारी कार्यालयलाई गराउनुपर्नेछ।

(४) करारसम्झौता प्राप्त भएपश्चात कार्यालयले निर्धारित अनुदान विद्यालयको खातामा उपलब्ध गराउनेछ ।

(५) करार सम्झौताको अवधि समाप्ती पश्चात विद्यालयले पारिश्रमिक भर्पाई, प्रसुति भएको प्रमाण (शिशु जन्मदर्ता प्रमाणपत्र वा स्वास्थ्य संस्थाबाट प्राप्त प्रमाण) समेत संलग्न राखी कार्यालयमा पेश गरी हिसाव फरफारक गराउनुपर्नेछ । आवश्यक कागजात समयमै उपलब्ध नगराएको कारण बेरुजु कायम भएमा सम्बन्धित विद्यालयबाट असुल उपर गरिनेछ ।

५. करारमा सेवा लिने प्रक्रियाः-

(१) प्रसुतिकालीन शिक्षण सहायता अनुदानमा सेवा करारमा लिने अनुमति प्राप्त गरे पश्चात विद्यालयले कम्तीमा ५ दिनको म्याद राखी अनुसूची १ बमोजिमको सूचना/विज्ञापन मार्फत दरखास्त आह्वान गर्नुपर्नेछ । आवेदनकर्ताको न्यूनतम् योग्यता देहाय बमोजिम हुनुपर्नेछः-

- प्रारम्भिक बाल शिक्षाका लागि कक्षा १० (SEE) उत्तीर्ण वा न्यूनतम् GPA २.०० प्राप्त ।
- आधारभूत तह ( कक्षा १-५) का लागि कक्षा १२ उत्तीर्ण वा न्यूनतम् (C)GPA २.०० प्राप्त ।
- आधारभूत तह (कक्षा ६-८) का लागि सम्बन्धित विषयमा कक्षा १२ उत्तीर्ण वा न्यूनतम् (C)GPA २.०० प्राप्त ।
- माध्यमिक तह (कक्षा ९-१०) का लागि सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा न्यूनतम् (C)GPA २.०० प्राप्त ।
- माध्यमिक तह (कक्षा ११-१२) का लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह उत्तीर्ण वा न्यूनतम् (C)GPA २.०० प्राप्त ।

(२) उम्मेदवार छनौटका आधारहरुः-

प्राप्त आवेदनहरुमध्ये विद्यालय व्यवस्थापन समितिले देहायका प्राथमिकताका आधारमा उम्मेदवार छनौट गरी निजबाट सेवा करारमा लिनुपर्नेछ ।

अ) स्थायी अध्यापन अनुमतिपत्र भई तोकिएको न्यूनतम् योग्यतामा सबैभन्दा बढी प्रतिशत अंक/GPA/ CGPA प्राप्त व्यक्ति

आ) स्थायी अध्यापन अनुमतिपत्र नभएको तर तोकिएको न्यूनतम् योग्यतामा सबैभन्दा बढी प्रतिशत अंक/GPA/CGPA प्राप्त व्यक्ति

इ) अङकाङ्कन पद्धति र अक्षराङ्कन पद्धतिबीच तुलना गर्दा देहाय बमोजिम गर्नेः-

| GPA/CGPA | प्रतिशत |
|---|---|
| 4.00 | 90 |
| 3.90 - 4.00 | 87.5 |
| 3.80 - 3.90 | 85 |
| 3.70 - 3.80 | 82.5 |
| 3.60 - 3.70 | 80 |
| 3.50 - 3.60 | 77.5 |
| 3.40 - 3.50 | 75 |
| 3.30 - 3.40 | 72.5 |
| 3.20 - 3.30 | 70 |
| 3.10 - 3.20 | 67.5 |
| 3.00 - 3.10 | 65 |
| 2.90 - 3.00 | 62.5 |
| 2.80 - 2.90 | 60 |
| 2.70 - 2.80 | 57.5 |
| 2.60 - 2.70 | 55 |
| 2.50 - 2.60 | 52.5 |
| 2.40 - 2.50 | 50 |
| 2.30 - 2.40 | 47.5 |
| 2.20 - 2.30 | 45 |
| 2.10 - 2.20 | 42.5 |
| 2.00 - 2.10 | 40 |

- न्यूनतम् योग्यताको अङ्क बराबर भएमा एक तह माथिको शैक्षिक योग्यताको अङ्कलाई आधार बनाउने र सोबाट समेत निर्णय हुन नसकेमा उमेरको हिसाबले ज्येष्ठ उम्मेदवारलाई छनौट गर्नुपर्नेछ ।

(३) करार सम्झौता गर्नुपर्नेः-

अ) दफा ५ (२) बमोजिम छनौट भएको उम्मेदवारसँग विद्यालयले ३ दिनभित्र करार सम्झौता गर्नुपर्नेछ ।

आ) करार सम्झौताको ढाँचा अनुसूची २ बमोजिम हुनेछ ।

इ) करार गर्दा प्रसुति विदामा रहेका शिक्षकको विदा अवधि वा तीन महिना जुन कम हुन्छ सोही अवधिसम्मका लागि मात्र गर्नुपर्नेछ।

ई) छनौट भएको व्यक्तिले करार सम्झौता गर्न नआएमा वा करार अवधि पूरा नहुँदै काम छोडेमा बाँकी अवधिका लागि आवेदकहरूमध्येबाट निर्धारित प्राथमिकताक्रमअनुसारको दोस्रो उम्मेदवारसँग सम्झौता गरी काममा लगाउन सकिनेछ र सोको जानकारी तुरुन्त कार्यालयलाई गराउनुपर्नेछ।

उ) कार्यविधिको थप स्पष्टता आवश्यक भएमा कार्यालयले विद्यालयलाई आवश्यक निर्देशन गर्न सक्नेछ।

## **अनुसूचीः- १**

......................................... विद्यालय

....................................

मितिः.........................

<u>प्रसुतिकालीन शिक्षण सहायता सेवा करारमा लिने सम्बन्धी सूचना।</u>

अमरगढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय डडेल्धुराको मिति .................. को यस विद्यालयलाई प्राप्त प्रसुतिकालीन शिक्षण सहायता अनुदानमा सेवा करार लिने सम्बन्धी अनुमतिपत्र बमोजिम यस विद्यालयमा देहायको तह, विषयमा शिक्षण सेवा गर्न इच्छुक नेपाली नागरिकलाई पाँच दिन (मिति..........................) भित्र कार्यालय समयमा देहायका कागजात सहित आवेदन पेश गर्नहुन सूचित गरिन्छः-

१. तहः

२. विषयः

३. न्यूनतम शैक्षिक योग्यताः *तह, विषय अनुसार उल्लेख गर्ने*

४. पारिश्रमिक/सुविधाः- अमरगढी नगरपालिकाको प्रसुतिकालीन शिक्षण सहायता अनुदान व्यवस्थापन कार्यविधिको व्यवस्थाअनुसार

५. उमेर हदः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

६. सेवा गर्नुपर्ने अवधिः कार्यविधि अनुरुप बढीमा ३ महिना

७. आवेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः-

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
- स्थायी अध्यापन अनुमतिपत्रको प्रतिलिपि (तर, अनुमतिपत्र नभएकाले समेत आवेदन गर्न पाउने)
- न्यूनतम् शैक्षिक योग्यताको लब्धाङ्कपत्र/ग्रेडसीट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
- एक तह माथिल्लो शैक्षिक योग्यता भए सोको लब्धाङ्कपत्र/ग्रेडसीट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि

८. छनौट विधिः अमरगढी नगरपालिकाको प्रसुतिकालीन शिक्षण सहायता अनुदान व्यवस्थापन कार्यविधि अनुसार।

## अनुसूचीः२

प्रसुतिकालीन शिक्षण सहायता सम्बन्धी करार सम्झौता

............................जिल्ला.....................न.पा./गा.पा. वडा नं.............स्थायी ठेगाना भएका ना.प्र.प.नं. .................का श्री....................................................(यस पछि प्रथम पक्ष भनिने) र अमरगढी नगरपालिकास्थित श्री........................................... विद्यालय.......................... (यस पछि दोस्रो पक्ष भनिने) का बीच दोस्रो पक्षका शिक्षक श्री ...................................... मिति............... देखि............ सम्म प्रसुति विदामा बसेकोले अमरगढी नगरपालिकाबाट प्राप्त हुने प्रसुतिकालीन शिक्षण सहायता अनुदान व्यवस्थापन कार्यविधि..............बमोजिम सेवा करारमा लिने सम्बन्धमा देहायका सर्तबमोजिम गर्ने गराउने गरी यो करार सम्झौता गरिलियौं/दियौं।

प्रथम पक्षले पालन गर्ने सर्तहरुः-

- दोस्रो पक्षले तोकेबमोजिम विद्यालयमा पूरा समय अध्यापन गर्ने
- विद्यालयले निर्धारण गरेको आचारसंहिता पालन गर्ने गराउने साथै शैक्षणिक योजना कार्यान्वयनमा सहयोग पुऱ्याउने।
- अति आवश्यक कामको अवस्थामा मासिक १ दिन भैपरी आउने बिदा पाउने
- अमरगढी नगरपालिकाले तोकेबमोजिमको पारिश्रमिक पाउने र उक्त पारिश्रमिकमा नियमानुसार सा.सु. कर लाग्ने।
- यस अनुदानमा कार्य गरेवापत अन्य कुनै अत्तिरिक्त सुविधा वा प्राथमिकता वा सहुलियत दावी गर्न नपाउने।

दोस्रो पक्षले पालन गर्नुपर्ने सर्तहरुः-

- अमरगढी नगरपालिकाको कार्यालयबाट प्राप्त हुने प्रसुतिकालीन शिक्षण सहायता अनुदानबाट कार्यविधिमा तोकिएबमोजिम पारिश्रमिक प्रथम पक्षलाई उपलब्ध गराउने।
- प्रथम पक्षको कामको नियमित अनुगमन गरी आवश्यक निर्देशन गर्ने, काम सन्तोषजनक नपाइएमा करार रद्द गर्ने।

यो सम्झौता मिति.....................देखि...................सम्म.........दिनको लागि मात्र मान्य हुनेछ।

उल्लिखित सर्त अनुसार गर्ने गराउने गरी सहमत भई हस्ताक्षर गर्नेः-

| प्रथम पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| --- | --- |
| नामः | नामः |
| ठेगानाः | पदः प्रधानाध्यापक |
| ना.प्र.न.: | हस्ताक्षरः |
| हस्ताक्षरः | विद्यालयको छापः |

मितिः